म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१७ आइतबार ४ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 17 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २४ जनामा भेटियो मोतियाबिन्दु

हेटौंडा, ३ चैत/मकवानपुरको मनहरी गाउँपालिका-२ भुन्द्रुङटाँडीमा २ सय ३० जनाको आँखा जाँच गरिएको छ । उनीहरुमध्ये २४ जनामा मोतियाबिन्दु देखिएको छ ।

वडा कार्यालय परिसरमा भएको एकदिने नि:शुल्क आँखा शिविरमा उनीहरुको आँखा जाँच गरिएको हो । मोतियाबिन्दुको समस्या भएकालाई मंगलबार वडा कार्यालय परिसरबाट यातायातको व्यवस्था गरी नि:शुल्क शल्यक्रियाको लागि हेटौंडा सामुदायिक आँखा अस्पतालमा लगिने बताइएको छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालको आायोजना र प्राविधिक सहयोगमा भएको शिविर मनहरी गाउँपालिकाको सहआयोजनामा भएको थियो । शिविरमा मनहरी गाउँपालिकाको वडा नम्बर १ , २ , ३ र ४ का सेवाग्राहीले सेवा लिएको जनाइएको छ ।

## खानेपानी पुग्दा रमाउँदै सलमपुर

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/स्वच्छ पिउने पानी उपभोग गर्न पाउने नैसर्गिक अधिकार हो । तर, थाहा नगरपालिका-१२ को दुर्गम गाउँ सलमपुरमा वर्षौंपछि खानेपानी पुग्दा गाउँले रमाएका छन् । सलमपुर गाउँका १७ परिवारको घरआँगनमै खानेपानी आइपुगेपछि उनीहरु खशी बनेका हुन् ।

कुवाको पानी पुगनपुग बाँडिचुँडी उपभोग गर्दै आएको सलमपुरबासीको दैनिकी यतिबेला फेरिएको छ । पानीका लागि थाप्लोमा नाम्लो लगाउनु नपर्ने भएको छ । थाहा नगरपालिकासँगको साँझेदारीमा च्वाइस नेपालको आर्थिक तथा प्राविधिक सहयोग र समुदायको सक्रियतामा घरैपिच्छे खानेपानीको धारा पगेका छन् । सलमपुरमा पाताले खोलाको पानी लिफ्टिङ गरेर पुऱ्याइएको हो । गैरसरकारी संस्थाले स्थानीय सरकार र उपभोक्तासँगको सहकार्यमा योगाउँमा खानेपानी उपलब्ध भएपछि गाउँ छोड्ने मनस्थितिमा पुगका स्थानीय पनि अब गाउँमै बस्न तयार भएका छन् ।

२ वटा पम्प प्रयोग गरेर तीन किलोमिटर माथि पानी पुऱ्याइएको थाहा नगरपालिकाले जनाएको छ । गाउँको सिरानमा १८ हजार लिटरको पानी ट्याङकी रिर्जभका लागि बनाइएको च्वाइस नेपालका प्राविधिक सुवाश मरहट्ठाले जानकारी दिए । घरैपिच्छे १७ वटा धारा निर्माण भएको छ । यो योजनाका लागि ३६ लाख ४२ हजार रुपैयाँ लगानी भएको च्वाइस नेपालका प्रताप घिमिरेले जानकारी दिए ।



थाहा नगरपालिकाबाट १५ लाख ४५ हजार रुपैयाँ, च्वाइस नेपालबाट १३ लाख रुपैयाँ लगानी भएको योजनामा स्थानीयले ७ लाख ९५ हजार रुपैयाँ बराबरको श्रमदान गरेका छन् । सलमपुरमा एक कार्यक्रमको आयोजना गरी थाहानगर प्रमुख विष्णु विष्टले खानेपानी आयोजनाको उद्घाटन गरेका छन् । धाराको टुटी घुमाउँदै ७० वर्षीया ठूली थिङले सुनाइन, 'पानी बोकेरै परिवारको पुस्ता बिते, हामीले घरैमा धारो खोलेर यसरी पानीखान पायौं, सहयोग गर्नुहुने सबैलाई धन्यवाद छ ।',

सँधै पानीको हाहाकार हुने भएपछि गाउँमा युवा छैनन् । उनीहरु एकबाली मकै लगाएर श्रम गर्न काठमाडौं वा धादिङको महादेवबेशी पुग्ने गरेका छन् । यहाँका युवा उमेरका महादेवबेशीमा गिट्टी कुट्ने काम गर्दै आएका छन् । धादिङको दामेचौरबाट थाक्रे गाउँपालिकाको ५ नम्बर वडाको सडक छिचोल्दै जानुपर्ने सलमपुरमा कच्ची सडक पुगिसकेको छ । थाक्रे गाउँपालिकाले बनाएको सडकसँग जोडेर थाहा नगरपालिकाले सलमपुरमा सडक पुऱ्याएको हो । सलमपुरको उत्पादन बजारसम्म पुऱ्याउन सडक जोडिएको बताउँदै थाहानगरप्रमुख विष्टले सडकको स्तरीकरण गर्दै जाने बताए ।

अतित सम्झँदै गणेश प्रावि सलमपुरका प्रधानाध्यापक चन्द्रबहादुर बोगटीले बाआमा पानी लिन पाताले खोला जानुपर्ने बाध्यताले छोराछोरी स्कूल भोकभोक्कै आउने गरेको सुनाए । थाहा नगरपालिकाको अनिवार्य तथा नि:शुल्क शिक्षाको सर्वेक्षणमा पनि १६ वर्ष माथिका ६ जनाले स्कूल छोडेको पाइएको बोगटीको भनाइ छ । ३ कक्षासम्म सलमपुरमा पढेका बालबालिका ४ कक्षा पढ्न धादिङको आदर्श मावि पुग्नुपर्छ । जिल्ला बाहिर गएर माध्यमिक तहको अध्ययन गर्नुपर्ने बाध्यता कायमै छ सलमपुरमा ।

नगरप्रमुख बिष्टले नगरपालिकाका नागरिकलाई खानेपानी आयोजना सम्पन्न गर्न सहयोग गर्ने च्वाइस नेपाल र समुदायप्रति आभार व्यक्त गरे । खानेपानी नागरिकको मौलिक अधिकार भएकोले नगरभित्रका खानेपानी आयोजनालाई नगर खानेपानी व्यवस्थापन बोर्डमार्फत् एकीकृतरुपमा सेवा पुऱ्याउने विष्टको भनाइ छ ।

नगरको खानेपानी महशुल दर तोकीएको बताउँदै उनले नागरिकलाई दिने सेवामा एकरुपता ल्याउने बताए । थाहानगरको धेरै स्थानमा लिफ्ट प्रणालीका खानेपानी आयोजनाले प्राथमिकता पाएपनि विद्युत महसुलका कारण उपभोक्ता मारमा परेको नगरप्रमुख विष्टको भनाइ छ ।

## ढकमक्क सूर्यमुखीले पहेंलपुर धमिले फाँट

निशा गुरुङ/प्रतिक्षा न्यौपाने

हेटौंडा, ३ चैत/ ढकमक्क सूर्यमुखी फूलेर मकवानपुर ढीको धमिले फाँट पहेंलपूर बनेको छ । मकवानपुरगढी गाउँपालिका-३, स्थित धमिले फाँटका एक कृषकले खेतमा लगाएको सूर्यमुखी फूल यतिबेला ढकमक्क फूलेको छ ।



मकवानपुरगढीमा कृषक हिजोआज सूर्यमुखी फूल खेतीतर्फ आकर्षित बनेका छन् । गढीका कृषक गोकर्ण पराजुलीले भारतबाट हाईब्रिड जातको सूर्यमुखी फूलको बीउ मगाएर ४ कठ्ठा क्षेत्रफलमा लगाएका थिए । लोकल बीउ लागउँदा कम उत्पादन हुने भएकोले भारतबाट २ हजार मूल्यमा एक किलो सूर्यमुखीको बीउ किनेर आफ्नो ४ कठ्ठा क्षेत्रफलमा लगाएको किसान पराजुलीले जानकारी दिए ।

पराजुलीले प्रतिकठ्ठा एकसय किलोको दरले सूर्यमुखी उत्पादन हुने अनुमान गरेका छन् । यस वर्ष करिव १ लाख ५० हजार रुपैयाँ बराबरको सूर्यमुखी विक्री गर्ने पराजुलीको लक्ष्य छ । पराजुलीको यो पहिलो अनुभवमै सूर्यमुखी फूलेपछि धेरै अर्डर आउन थालिसकेको जनाएका छन् । 'अझै धेरै बतासले फूलहरु लडाएको छ । तर, समग्रमा भने खेती राम्रै भयो ।' पराजुलीले भने, 'प्रतिकिलो २ सय रुपैयाँले विक्री गर्ने तयारी छ । यसका लागि विभिन्न ठाउँबाट माग पनि आइसकेको छ ।',

उनका सूर्यमुखीको तेल आफैं बनाएर विक्री गर्ने मकवानपरकै व्यवसायीबाट माग भइरहेको छ । उनले उत्पादन भएको फूललाई पहिला गुणस्तर र यसको प्रभावकारीता बारे प्रचारप्रसार गर्ने र आगामी वर्षमा पनि अझै धेरै जग्गामा सूर्यमुखी फूल लगाउने बताए । मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले गाउँपालिकामा सूर्यमुखी फूलको खेती सफल भएको बताएका छन् । १० वर्ष अगाडि आफैंले सूर्यमुखी फूलको खेती गरेको बताउँदै अध्यक्ष लामाले बजारीकरणको समस्याले गर्दा खेती हराएको बताए । लामो समयपछि गरेको खेती सफल भएपछि अब गाउँपालिकाले नै आगामी वर्षदेखि नीति तथा कार्यक्रम नै ल्याएर सूर्यमुखी फूलको खेती गर्न किसानलाई प्रोत्साहन गर्ने उनले बताए ।

पछिल्लो समय सूर्यमुखीको माग पनि धेरै भएको हुँदा यो खेतीले किसानलाई टेवा पुग्ने समेत अध्यक्ष लामाले बताएका छन् । गाउँपालिकाका कृषिविकास अधिकृत चन्द्रकान्त चौधरीका अनुसार धमिलो फाँटमा अरु कृषकले सूर्यमुखी खेती गरेका छैनन् । यस वर्षको उत्पादन र बजार मूल्य राम्रो पाइएमा आगामी वर्षदेखि सूर्यमुखी खेतीको क्षेत्र विस्तार हुने सम्भावना रहेको उनको भनाई छ । कृषिविकास अधिकृत चौधरीका अनुसार केही समयदेखि बजार सहज हुँदै गएकाले फेरि कृषक यसतर्फ आकर्षित भएका हुन् । सूर्यमुखी विशेष गरी तेलका लागि लगाइने बाली हो ।

### सूर्यमुखी फूल किन सूर्यको दिशातिर फर्किन्छन् ?

सूर्यमुखीको फूल जाडोको तुलनामा गर्मीमा बढी सक्रिय हुने गर्दछ । ६ घण्टा भन्दा बढी घाम निस्कने ठाउँमा यसको वृद्धि विकास बढी हुन्छ ।

बिहानैदेखि सूर्य पूर्व दिशाबाट उदाउँदा यो फूलको मुखको दिशा पनि पूर्वतिर हुन्छ । साथै, क्रमश: सूर्यको दिशासँगै तिनीहरुको दिशा पनि परिवर्तन भइरहन्छ । खासमा सूर्यमुखी फूल सूर्यकै दिशामा फर्किनुको कारण हेलियो ट्रपिज्म नामको हर्मन हो । सूर्यको दिशासँगै साँझपख यी फूलहरुको दिशा पश्चिमतर्फ मोडिन्छ । तर, रातको समयमा तिनीहरु फेरि पूर्व दिशा बदल्छन् र भोलिपल्ट सूर्यसँगै उदाउँछन् । यो प्रक्रिया निरन्तर चलिरहन्छ ।

### के हो हेलियो ट्रपिज्म ?

जसरी मानिसको शरीरमा फरक किसिमका हर्मन हुन्छन । त्यसरी नै सूर्यमुखी फूलमा पनि हर्मन हुन्छ । जसलाई हेलियो ट्रपिज्म भनिन्छ । यसले सूर्यको किरणहरु पत्ता लगाउँछ र फूललाई सूर्य भएको तर्फ झुकाउँन प्रेरित गर्छ । एक अनुसन्धानले सूर्यको किरण बढ्दै जाँदा सूर्यमुखी फूलको सक्रियता पनि बढ्दै जाने देखाएको छ । यो सम्पूर्ण प्रक्रिया हेलियो ट्रपिज्मले गराउँछ ।

## बागमतीका मन्त्री श्रेष्ठ माओवादीतर्फ लागे

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/नेपाल समाजवादी पार्टी (नेसपा)को एउटा समूह छुट्टिएर नेकपा माओवादी केन्द्रसँग एकता गर्न तयार भएको छ । सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रमा नेसपाका एउटा समूह एकताबद्ध हुने भएको हो ।

जनता समाजवादी पार्टीबाट छुट्टिएर डा. बाबुराम भट्टराईले नेपाल समाजवादी पार्टी (नेसपा) गठन गरेका थिए । भट्टराई माओवादीबाट विभाजित भएर नयाँशक्ति पार्टी हुँदै नेसपा गठनसम्म पुगेका थिए । तर, नेसपा पनि औपचारिक रुपमा फुटेको छ । पार्टीका अध्यक्ष महिन्द्र राययादव समूहले पार्टी फुटाएर नेकपा माओवादी केन्द्रसँग एकता गर्ने सहमति गरेको हो ।

सहमति गर्नेमा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण पनि छन् । उनी नेसपाका सहअध्यक्ष हुन् । सिन्धुलीमा ४ मंसिर २०७९ मा भएको प्रदेशसभा निर्वाचनमा श्रेष्ठ माओवादी केन्द्रको चुनावचिन्हबाट उठेर प्रदेशसभा सदस्य जितेका थिए । बाबुराम भट्टराईलाई पनि सहभागी गराउने प्रयास असफल भएपछि नेसपा फुटाएर महिन्द्र रायले माओवादीसँग एकता गर्ने सहमति गरेका हुन् ।

माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा शनिवार बसेको एकता संयोजन समितिको बैठकले पार्टी एकता गर्ने सहमति गरेको हो । बैठकले एकीकृत पार्टीको नाम भने आगामी महाधिवेशनबाट टुंगो लगाउने निर्णय गरेको छ । साथै, पार्टी एकताका लागि वैचारिक एकरुपता र संगठनात्मक तयारीका लागि कार्यदल पनि गठन गरेको छ । कार्यदलमा माओवादीको तर्फबाट महासचिव देवप्रसाद गुरुङ र उपमहासचिव जनार्दन शर्मा तथा



नेसपाबाट सहअध्यक्ष गंगानारायण श्रेष्ठ र महासचिव रमेशप्रसाद यादव छन् ।

नेपाल समाजवादी पार्टी (नेसपा)का सहअध्यक्ष श्रेष्ठले आफ्नो पार्टी फुटेको नभइ नेकपा माओवादी केन्द्रसँग एकतामा गएको बताए । उनले सिंगो नेसपा नै माओवादीसँग एकतामा गएको बताएका हुन् । 'गत मंसिर ६ गतेको केन्द्रीय समिति बैठकबाट पार्टी एकता गर्नका लागि संयोजन समिति बनाइएको थियो । सोही समितिको बैठक बसेर एकता गर्ने निर्णय गरिएको हो । पार्टी फुटेको होइन ।', श्रेष्ठले भने ।

सहअध्यक्ष श्रेष्ठले दुई पार्टी बीचमा एकता गर्ने भनेर चुनाव अगाडि सहमति भएको र एकताको शर्तसहित आफूहरुले माओवादी केन्द्रको चिन्हमा चुनाव लडेको बताए । उनले भने, 'पार्टी एकता गर्ने डेढ वर्ष अगाडिको सहमति अहिले कार्यान्वयन हुन लागेको हो ।', सत्ताको लागि एकता गर्न लागेको भन्नेहरुलाई श्रेष्ठले पार्टी एकताको विरोधी भएको बताएका छन् । उनले प्रतिप्रश्न गरे, 'कानुनी रुपमा हामी माओवादीकै संसदीय दलका सदस्य हौं । यहाँ कहाँ सत्ताको स्वार्थ जोडियो ?',

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजानने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०७१५, ९८१७८२६५१४, ९८४५६२३५६९



NAVODAYA SHISHU SADAN ESTD 2062

भर्ना खुल्यो

शैक्षिक सत्र २०८१ का लागि कक्षा नर्सरीदेखि यु.के.जी. सम्म भर्ना खुल्यो!

सम्पूर्ण इच्छुक अभिभावकहरुलाई आफ्नो बालबालिका भर्ना गर्नुपूर्व आवश्यक जानकारी लिन विद्यालय भ्रमणका लागि आग्रह गर्दछौं ।

नवोदय नै किन ?

- सर्वाङ्गीण विकासका लागि
- शैक्षिक गुणस्तर
- सिर्जनात्मक / सिर्जनशील
- प्रतिभा प्रस्फुटनका लागि (नृत्य, सङ्गीत, कला, खेलकुद)
- प्रयोगात्मक सिकाइ
- रमाउँदै सिक्न
- गहन पठन संस्कृति

नवोदय शिशु सदन अङ्ग्रेजी माध्यमिक विद्यालय

थप जानकारीका लागि:
हेटौंडा-४ | ०५७-५२५१४०, ५२४९५९

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशस्तरीय प्रदर्शनी

मकवानपुर उद्योग वाणिज्य संघ, महिला उद्यमी विकास समितिको आयोजनामा शुक्रबारदेखि हेटौडामा प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी सुरु भएको छ । हेटौंडाको पल्पसा सदनमा आयोजना गरिएको प्रदर्शनी यो पटक आठौं हो । तर, यहाँनिर भाषिक त्रुटीका कारण आम दर्शकमाझ खल्दुली पैदा भएको छ । नेपालको राजनीतक परिवर्तनका कारण मुलुक प्रादेशिक संरचनामा गएको भर्खर सात वर्ष भएको छ । बागमती प्रदेश जन्मेको सातवर्ष भयो भने महिला उद्यमी प्रदर्शनी गर्न थालेको दुइदसक हुन लागेको छ । पछिल्लो एक दसक महिला उद्यमी विकास समितिले मेला महोत्सव जस्ता गतिबिधि गरेको थिएन । यसअघि सातौं पटक मेला महोत्सव भएको थियो । तर, सातवटै प्रदर्शनी प्रदेशस्तरीय भनेर गरिएको थिएन । यो पहिलोपटक प्रदेशस्तरीय प्रदर्शनी गरिएको हो । प्रदेशको उमेर सात वर्ष भयो भने आठौं प्रदेशस्तरीय भनेर नामाकरण गर्दा अलिक चित्तबुझ्दो भएन कि ?

उद्यमशीलताको क्षेत्रमा महिलालाई प्रोत्साहित गर्न उद्यमशीलतालाई जोड दिन, दक्ष जनशक्ति निर्माण गर्न, बजार व्यवस्थापन गर्न, महिलाउद्यमी लक्षित कार्यक्रम गर्ने बिषय साह्रै राम्रो हो । महिलाउद्यमीले उत्पादन गरेको उपभोग्य बस्तुको बजारीकरण गर्ने र उत्पादक र उपभोक्ताको बीचमा सीधा सम्पर्क कायम गर्ने कुरामो यो प्रदर्शनी उपयोगी साबित हुनेछ । मउवासंघको महिला उद्यमी विकास समितिले भाषामा सानो त्रुटी गर्दा दर्शकलाई काउकुती लागेझैं भएको पाइएको छ । आठौं प्रदेशस्तरीय नभनेर पहिलो प्रदेशस्तरीय भन्दा के नै बिग्रने थियो र ? यो बिषयमा मकवानपुर उद्योग वाणिज्य संघ महिला उद्यमी विकास समितिले एकपटक समीक्षात्मक छलफल गर्दा राम्रो होला कि । मुलुक प्रादेशिक संरचनामा गएपछिको पहिलोपटक प्रदर्शनी भएको हो । समग्रमा आठौंपटक प्रदर्शनी भएको कुरालाई पनि समेट्ने गरी शब्द चयन गर्दा सुनमा सुगन्ध हुने थियो । प्रदेश संरचनाको बस्तुगत तथ्यांक तोडमोड गर्दा मउवासंघको महत्व बढ्ने होइन होला । मउवासंघ जस्तो निजी क्षेत्रको सशक्त संगठनले सानोतिनो कुरामा ध्यान दिन नसक्दा चोक तौतारोमा गफ गर्ने बिषयबस्तु मात्र बनिरहेको हुन्छ । उसै पनि हाम्रो समाजमा नकारात्मक टिप्पणी गर्नमा अधिकांशले बिद्याबारिधि नै गरेको महशुस हुन्छ । उद्योगी/व्यवसायीको हकहितको संरक्षण गर्दै जिल्लाको आर्थिक सामाजिक विकासमा सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गरी अर्थतन्त्रलाई चलायमान र सुदृढ बनाउन प्रर्दशनीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा दुइमत छैन ।

प्रदर्शनीलाई बढी भन्दा बढी उत्पादक र उपभोक्ताबीचमा पुऱ्याउन बिभिन्न उपायहरु अवलम्बन गर्नु जरुरी छ । विश्वव्यापी आर्थिक मन्दीको कारण लगानी र उत्पादन संकुचित भइरहेको अवस्थामा यसप्रकारका प्रदर्शनीले उत्पादक र उपभोक्ता दुबैपक्षलाई फाइदा पुग्छ । महिला उद्यमीलाई व्यवसाय प्रवर्द्धन एवम् विस्तार गर्न यस्ता प्रर्दशनीले महत्वपूर्ण भूमिका निर्बाह गर्न सक्ने भएकोले हरेक वर्ष प्रदर्शनी हुनु जरुरी छ । महिला उद्यमी विकास समितिमार्फत विभिन्न सीपमूलक तालिमको आयोजना गर्दै मउवासंघले मुलुककै पहिलो महिला विशेष आर्थिक क्षेत्र (उमन सेज) निर्माणको लागि प्रस्ताव तयार गरी पहल गरिरहेको समाचार आएको छ । पक्कै पनि यो स्वागतयोग्य कदम हो । सेज स्थापना गर्न सकेको खण्डमा धेरै प्रकारका सुबिधा उपलब्ध हुनसक्छ । महिला उद्यमीलाई राहत पुग्ने छ । संघले यो अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चेत ५ गते सोमबार १८ मार्च २०२४ । नवमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१२, सूर्यास्त ६:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# संविधान र न्यायपालिकाको संरचनागत सुधारको बाटो



✍टीकाराम भट्टराई

नेपालको संविधान जारी भएर अभ्यास गरेको एक दशक पुग्न लाग्दैछ । आजसम्मको अभ्यासमा राज्यका अन्य दुई प्रमुख अङ्गहरू कार्यपालिका र व्यवस्थापिकासँगै न्यायपालिका पनि विवाद र आलोचनाको घेराभन्दा बाहिर रहन सकेको छैन । राज्यका अन्य अङ्गहरूले गरेका गैर संवैधानिक र गैर कानुनी कार्यको न्यायिक पुनरावलोकन गरी ती अङ्गहरूलाई संविधान बमोजिम हिंडाउनुपर्ने संवैधानिक दायित्व भएको न्यायपालिका स्वयम् आफ्नो दायित्व पूरा गर्न असमर्थ हुँदै गएको देखिएकोले नेपालको संवैधानिक अभ्यास आगामी दिनमा झन् कठिन र चुनौतीपूर्ण हुने देखिन्छ ।

संवैधानिक सर्वोच्चता र कानुनको शासनलाई सर्वोपरि स्थान दिएर जारी भएको हाम्रो संविधानले संवैधानिक परिधिभित्रै रहेर जनताको अभिमतद्वारा शासन पद्धति र संवैधानिक अभ्यासमा परिमार्जन गर्ने उद्देश्य राखेको देखिन्छ । संविधानको विकास र नवीनतम् संवैधानिक विधिशास्त्रको माध्यमबाट संविधानलाई अझ मजबुत, पंरिपक्व र उद्देश्यमूलक बनाउन न्यायपालिकाको अहम् भूमिका रहने कुरामा सन्देह रहन सक्दैन ।

भनिन्छ- संविधान तत्कालीन समाजको चेतनास्तरको प्रतिबिम्व हो । जब तत्कालीन समाजको चेतनास्तरमा परिवर्तन आउँछ तब संवैधानिक विकास, सुधार र परिमार्जनको आवश्यकता महसुस हुन्छ । त्यसैगरी संवैधानिक अभ्यासको क्रममा देखिएका कमि-कमजोरी वा विकृत अभ्यासलाई रोक्न पनि संवैधानिक सुधारको आवश्यकता पर्दछ । नेपालको संविधान जारी भएर करिब दश वर्षको अभ्यासको क्रममा हामीले देखे-भोगेका समस्याहरूको सम्बोधन गर्न र संविधान निर्माताले त्यस बखत परिकल्पना नगरेको परिस्थितिको समेत सम्बोधन गर्नका लागि समेत संविधानमा सामयिक सुधारको आवश्यकता महसुस गरिएको छ ।

नेपाल बार सदैव संवैधानिक सर्वोच्चता, विधिको शासन, स्वतन्त्र न्यायपालिका र जनतामा निहित सार्वभौमसत्ताको लागि क्रियाशील व्यावसायिक संगठन भएकोले न्यायपालिकाको संरचनागत सुधारको लागि नेपाल बारको पहलकदमी र अग्रसरता सदा अपेक्षित र हन्छ । त्यो अपेक्षालाई मूर्तरूप दिन इतिहासदेखि नै क्रियाशील रहेको बार एशोसिएसन अहिले पनि न्यायपालिकाको संरचनागत सुधारको विषयलाई आफ्नो दायित्वको रूपमा स्वीकार्न तयार छ । त्यही दायित्वबोधलाई आत्मसात् गर्दै १२ असोज २०८० मा सुर्खेतमा सम्पन्न नेपाल बारको वार्षिक साधारण सभा तथा कार्यकारिणी परिषद् बैठक र २४ मंसीर, २०८० मा चितवनको सौराहामा सम्पन्न मानवअधिकार सम्बन्धी राष्ट्रिय गोष्ठीद्वारा पारित घोषणापत्रले समेत न्यायपालिकाको संरचनागत सुधारको विषयमा आवश्यक कदम चाल्न नेपाल बार एशोसिएसन केन्द्रीय कार्यसमितिलाई निर्देशन दिएको छ ।

कार्यपालिका र व्यवस्थापिकासँग सम्बन्धित विषय वा शासकीय प्रणाली र निर्वाचन प्रणालीका बारेमा समेत संवैधानिक सुधारको आवश्यकताको विषयमा बहस गर्न सकिने प्रसस्त विषय हुँदाहुँदै पनि बारको पहिलो दायित्व र कर्तव्य समेत न्यायपालिकासँग सम्बन्धित भएकोले यो अवधारणामा केवल त्यो विषयमा मात्र सीमित रहेर सार्वजनिक बहस र विमर्शको लागि केही विषयहरू प्रस्तुत गरिन्छ ।

### संविधान र न्यायपालिका

नेपालको संविधानको प्रस्तावनाले नै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ भने धारा १२६ ले नेपालको न्याय सम्बन्धी अधिकार संविधान, कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत र न्यायिक निकायबाट मात्र प्रयोग हुने प्रत्याभूति गरेको छ । न्याय सम्बन्धी अधिकार अदालत र न्यायिक निकाय बाहेक अरू कसैले गर्न सक्दैन ।

अदालत भन्नाले सर्वोच्च, उच्च, जिल्ला अदालत, विशेष अदालत र न्यायिक निकायभित्र अर्धन्यायिक निकाय समेत पर्दछन् । न्यायका मान्य सिद्धान्त भन्नाले प्रजातान्त्रिक मुलुकका अदालत वा अन्तर्राष्ट्रिय अदालतहरूले गरेका व्याख्या, विधिशास्त्रमा स्थापित न्यायिक मूल्यमान्यता र प्राकृतिक न्यायको सिद्धान्त तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरू समेत पर्ने हुनाले न्यायको प्राप्तिका लागि यी विषयहरू समेत हाम्रा अदालतहरूलाई सहयोगी हुनसक्ने परिकल्पना धारा १२६ ले गरेको देखिन्छ । न्यायपालिकालाई स्वतन्त्र एवं सक्षम राख्नुको कारण कार्यपालिकाको तथा व्यवस्थापिकाको कार्यलाई न्यायिक पुनरावलोकन गर्ने अधिकार न्यायपालिकामा निहित रहेकोले यसलाई जस्तोसुकै परिस्थितिमा स्वतन्त्र र सक्षम राखिनुपर्दछ भन्ने मान्यता राखिएको हो ।

न्यायपालिकालाई स्वतन्त्रताको चुनौती प्रमुख रूपमा कार्यपालिका र व्यवस्थापिकाबाट नै हुने भएकोले न्यायपालिकाका स्वतन्त्रताका मानकहरू संविधानले नै निर्धारण गरिनुपर्दछ भन्ने मान्यतालाई हाम्रो संविधानले पनि अंगीकार गरेर तदनुरूपका संवैधानिक प्रबन्धहरू गरिएका छन् । संवैधानिक परिषद्को सिफारिशमा प्रधानन्यायाधीशको नियुक्ति हुने, न्यायपरिषद्को सिफारिशमा अन्य अदालतका न्यायाधीशहरूको नियुक्ति हुने, न्यायाधीशहरूको सेवा, सुविधा र पारिश्रमिक घट्ने गरी व्यवस्थापिकाले समेत कानुन बनाउन नसक्ने, सर्वोच्च अदालतका न्यायाधीशहरूलाई महाभियोगको कारबाही बाहेक अन्य कारबाही गर्न नपाइने जस्ता मजबुत संवैधानिक प्रबन्धहरूले नेपालको न्यायपालिका स्वतन्त्र र सक्षम छ भन्ने संवैधानिक विषयमा विवाद गर्ने कुनै ठाउँ नै छैन । उपरोक्त मजबुत संवैधानिक प्रबन्धका बाबाजुद हाम्रो न्यायपालिकाले आशातित प्रतिफल किन प्राप्त गर्न सकेन ? न्यायपालिका सर्वसाधारण जनताको आस्था र विश्वासको थलो किन बन्न सकेन ? न्यायपालिकामा सर्वसाधारण जनताको सहज पहुँच किन स्थापित हुन सकेन ?

यी तमाम प्रश्नहरूको घेरामा स्वयम् सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश हरि कृष्ण कार्कीको अध्यक्षतामा बनेको अध्ययन प्रतिवेदनले नै न्यायपालिकामा विकृति र विसंगति व्याप्त रहेको निष्कर्ष निकाल्नुपर्ने परिस्थिति किन उत्पन्न भयो ? न्यायमा सहज पहुँचको प्रत्याभूति न्यायपालिकाले किन दिन सकेन ? वर्षौंसम्म न्यायका याचकहरूले आफ्नो विवादको निरुपण गर्न अदालत धाइरहनुपर्ने परिस्थितिको सृजना किन भयो ? किन अझै पनि राजनीतिक क्षेत्रबाट न्यायपालिका माथि हस्तक्षेपका घटनाहरू भइरहेका छन् ? संवैधानिक विवादको शीघ्र समाधानका लागि अलग्गै संरचनाको रूपमा राखिएको संवैधानिक इजलासको संवैधानिक प्रबन्ध किन प्रभावकारी भएन ?

यी सबै प्रश्नहरूको उचित सम्बोधनका लागि अब न्यायपालिकाको संरचनागत सुधार आवश्यक भइसकेको छ भन्ने हाम्रो निष्कर्ष रहेको छ । तत्काल न्यायपालिकाको संरचनागत सुधार गर्न सकिएन भने वर्तमान संविधान र लोकतन्त्रको भविष्यमै प्रश्न उठ्ने निश्चित छ ।

### संरचनागत सुधारका विषय

संवैधानिक परिषद् : प्रधानमन्त्रीको अध्यक्षतामा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुखहरू समेत संलग्न रहेको संवैधानिक परिषद्ले प्रधानन्यायाधीश र संवैधानिक अङ्गका प्रमुख र सदस्यहरूको नियुक्तिको सिफारिश गर्ने व्यवस्था राखिनुको मूल कारण यस्तो शक्तिशाली र जवाफदेही संयन्त्रबाट हुने सिफारिश पारदर्शी, परिपक्व, निष्पक्ष र योग्यता प्रणालीमा आधारित हुनेछ भन्ने नै थियो । आजसम्मको संवैधानिक अभ्यासले यो पवित्र उद्देश्य लगभग पराजित भइसकेको छ भने यसले स्वतन्त्र न्यायपालिकाको मूलभूत अवधारणामा समेत प्रश्नचिह्न खडा गरेकोले अब यसमा तत्काल पुनरावलोकनको आवश्यकता भइसकेको छ । संवैधानिक परिषद्को विद्यमान संरचनामा परिमार्जनको आवश्यकताका कारणहरू निम्न छन्:

कार्यपालिका र व्यवस्थापिकासँगै न्यायपालिका समेत बसेर निर्णय गर्दा संविधानले परिकल्पना गरेको स्वतन्त्र, सक्षम र प्रभावकारी न्यायपालिकाको उदेश्य पूरा गर्न कठिन भएको अभ्यासबाटै पुष्टि भइसकेको छ । राज्यका अन्य अङ्गहरूले गरेका निर्णयहरूको न्यायिक पुनरावलोकन गर्ने न्यायपालिकाको क्षमतामा ह्रास आउन थालेको अनुभूति गर्न थालिएको छ ।

न्यायपालिकाका प्रमुख समेत बसेर गरिएको निर्णयको वैधता र प्रक्रियाको पुनरावलोकन गर्न स्वयम् प्रधानन्यायाधीश सहितको इजलास समेत बस्नुपर्ने बाध्यताले स्वच्छ र स्वतन्त्र सुनुवाइ एवम् प्राकृतिक न्यायको सिद्धान्तको समेत बर्खिलाप भएको छ । अर्कोतर्फ प्रधानन्यायाधीशहरूले त्यस्ता विवाद हेर्न अनिच्छा प्रकट गरेको वा पन्छाउन चाहेको कारण वा अन्य अप्रकट के कारणले त्यस्ता विवादहरूको लामो समयसम्म निरुपण हुनसकेको छैन, जसले न्यायपालिकाको कार्यक्षमतामा प्रश्न उठ्न थालेको छ । संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको उपस्थितिले कार्यपालिका र व्यवस्थापिकाले वा स्वयम् न्यायपालिका समेतले ती अङ्ग, निकाय वा पदाधिकारीसँग अनुचित प्रभाव वा कतिपय अवस्थामा लेनदेन समेत गर्नुपर्ने अवस्था उत्पन्न भएको सार्वजनिक भइसकेको छ ।

राज्यका अन्य अङ्ग सँगै न्यायपालिका पनि बदनाम हुने वा बदनाम गराइने यो संवैधानिक प्रबन्धको तत्काल पुनरावलोकन नगरिए न्यायपालिकाको जनआस्था अरू धराशायी हुने र त्यसले लोकतन्त्रलाई नै कमजोर बनाउने निश्चित छ । तसर्थ संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशलाई अलग गर्नुपर्ने गरी संविधानमा परिमार्जन गर्नुपर्ने अपरिहार्य देखिन्छ ।

### न्यायपरिषद्

सबै तहका न्यायाधीशहरूको नियुक्तिको सिफारिश र सर्वोच्च अदालत बाहेक अन्य अदालतका न्यायाधीशहरूको अनुशासनको कारबाही समेत गर्ने प्रयोजनका लागि स्थापित न्याय परिषद्को विद्यमान संरचनाबाट पनि संवैधानिक उद्देश्य हासिल गर्न असमर्थ भएको देखिएकोले यसको संरचनामा समेत परिमार्जनको आवश्यकता भइसकेको छ । त्यसका कारणहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ:

क. न्यायाधीशहरूको नियुक्तिको सिफारिश प्रक्रिया अपारदर्शी भएको, योग्यता प्रणालीलाई अवलम्बन गर्न नसकिएको, न्यायपरिषद् राजनीतिक प्रभाव र दबाबले ग्रसित भएको, न्यायाधीशहरूका विरुद्धमा परेका उजुरीहरूको समयमै फर्स्योट हुन नसकेको, न्यायाधीश नियुक्तिका चारवटै क्षेत्रहरूले नियुक्तिमा बारम्बार असन्तुष्टि व्यक्त गर्ने गरेको न्यायपरिषद्का निर्णय र काम-कारबाहीलाई अपनत्व ग्रहण गर्न नसकेको, नियुक्तिमा आफन्त, परिवारवाद र भनसुन तथा प्रलोभनले स्थान ग्रहण गरेको भनी सार्वजनिक रूपमै असन्तुष्टिहरू सार्वजनिक हुने गरेको ।

ख. न्यायाधीश नियुक्तिमा कहिले मापदण्ड बनाउने, कहिले स्थगत गर्ने र व्यक्ति हेरेर नियमावली संशोधन गर्ने गरिएको कारणले यो संरचना चरम विवादमा परी संवैधानिक उद्देश्य हासिल गर्न असफल हुँदै गएको देखिन्छ ।

ग. न्यायिक क्षेत्रबाट प्रधानन्यायाधीश र सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश मात्र परिषद्मा रहने र अन्य सबै सदस्यहरू राजनीतिक संलग्नताका आधारमा नियुक्त हुने भएकोले न्यायिक नेतृत्व अल्पमतमा परेको कारणले यसले गरेका निर्णय र नियुक्तिहरूमा राजनीतिक क्षेत्रले न्यायिक नेतृत्व र न्यायिक नेतृत्वले राजनीतिक क्षेत्रलाई दोषारोपण गरेर जवाफदेहिता पन्छाउने गरेकोले अब यथावस्थामा यो संरचना यो भन्दा प्रभावकारी र जवाफदेखि हुने संभावना अत्यन्त न्यून देखिन्छ ।

घ. न्यायपरिषद् न संसद्प्रति न न्यायपालिकाप्रति, न त संविधानप्रति नै जवाफदेही देखिएकोले यसको प्रभावकारिता कम देखिएको हो । तसर्थ न्यायपरिषद्को संरचनामा परिवर्तन गरी न्यायिक नेतृत्वको बहुमत हुने गरी वा भारतीय अभ्यास जस्तै सर्वोच्च अदालतकै न्यायाधीश संलग्न रहेको कलेजियम सिस्टमबाट न्यायाधीशको नियुक्तिको सिफारिश गर्ने वा अन्य कुनै विकल्पमा पनि जान सकिने गरी संविधानको पुनरावलोकन आवश्यक देखिएको छ ।

### संवैधानिक इजलास

कानुनको संवैधानिकताको परीक्षण र संघीय वा प्रदेश सांसदहरूको योग्यताको वा निर्वाचनको विवाद हेर्ने र अन्तर सरकारी तहको अधिकार क्षेत्रको विवाद हेर्ने गरी संविधानले प्रधानन्यायाधीश प्रमुख र अन्य चार जना न्यायाधीशहरू सम्मिलित संवैधानिक इजलासको परिकल्पना गरेकोमा आजसम्मको अभ्यासको आधारमा संवैधानिक इजलास आफ्नो संवैधानिक दायित्व पूरा गर्न लगभग असमर्थ भएको देखिन्छ । संवैधानिक इजलासमा आज पनि दश वर्ष पुराना मुद्दाहरू अझै जीवित छन् भने कारण देखाउ आदेश जारी गर्ने प्रयोजनका लागि महिनामा एक दिन मात्र इजलास बस्ने अभ्यास प्रारम्भ भइसकेको छ । संघ र प्रदेश वा प्रदेश र स्थानीय तहका बीचमा अधिकार क्षेत्रको बारेमा विवाद भई तत्काल निरुपण हुनुपर्ने प्रकृतिका मुद्दाहरू वर्षौंसम्म संवैधानिक इजलासमा थन्किएर बसेको कारणले संघीयताले राम्रोसँग काम नै गर्न सकेको छैन ।

अघिल्लो पटककै निर्वाचनका विवादहरू यद्यपि विचाराधीन छन् जबकि नयाँ निर्वाचन भएर नयाँ प्रतिनिधिहरू आइसकेको दोस्रो वर्षमा प्रवेश भइसकेको छ । संवैधानिक इजलासले अपवाद बाहेक अहम् संवैधानिक विधिशास्त्र र संविधानको व्याख्या गरिएका त्यस्ता फैसलाहरू हुनसकेका छैनन् जुन कि संवैधानिक इजलास विना सम्भव नै थिएन भन्न सकियोस् । यसकारणले यथा अवस्थाको संवैधानिक इजलासले आफ्नो औचित्य पुष्टि गर्न नै कठिन प्राय: भएकोले यसमा परिमार्जन र पुनरावलोकन आवश्यक भइसकेको छ । तसर्थ संवैधानिक इजलासको वर्तमान संरचना परिवर्तन गर्नु आवश्यक छ । यसको साटो अलग्गै संवैधानिक अदालत वा संवैधानिक इजलासलाई कायमै राखेर संवैधानिक इजलासका लागि मात्र न्यायाधीशको नियुक्ति हुने संवैधानिक प्रावधान राख्नुपर्छ । या त संवैधानिक इजलासको परिकल्पना हुनुअघि २०४७ सालकै संवैधानिक अभ्यासतर्फ फर्कने गरी संविधानमा पुनरावलोकन हुनु जरूरी देखिएको छ ।

### संसदीय सुनुवाइ

प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशको हकमा हुने संसदीय सुनुवाइले स्वतन्त्र न्यायपालिकाको अवधारणा अभ्यास र अधिकार क्षेत्रमा समेत नकारात्मक प्रभाव पारेकोले यसमा पनि संशोधन आवश्यक देखिएको छ । त्यसलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ:

क. संसदीय सुनुवाइ आफैंमा राजनीतिक प्रक्रिया भएकोले यो प्रक्रियालाई राजनीतिक तहको संलग्नता विना सम्पन्न गर्न सकिन्न । राजनीतिक संलग्नता अनिवार्य भएकोले संसदीय सुनुवाइका चरण पार गर्नका लागि सिफारिश भएका व्यक्तिहरूले राजनीतिक क्षेत्रको सहयोगका अपेक्षा र त्यसको बदलामा राजनीतिक क्षेत्रले सिफारिश भएको पात्रसँग अन्य अपेक्षा राख्ने गरेको छ । संसदीय सुनुवाइको अभ्यास हाम्रोमा कतै न कतै राजनीतिक क्षेत्र र न्यायाधीशहरूको सौदाबाजीको विषय बन्ने खतरा उन्मुख देखिन थालेको छ । यसले स्वतन्त्र न्यायपालिकाको संवैधानिक अपेक्षालाई कुठाराघात गर्दै गएको छ ।

ख. न्यायाधीशहरूको संसदीय सुनुवाइ गर्ने संसदीय सुनुवाइ समितिमा सिफारिश भएका व्यक्तिहरूको यथार्थ विवरण नहुने भएकोले के विषयको सुनुवाइ र के अपेक्षा गरिएको हो भन्ने नै निर्क्योल हुन नसक्दा संसदीय सुनुवाइ या त औपचारिकता या सौदाबाजीको थलो हुने गरेको छ । संसदीय सुनुवाइमा सिफारिश भएका व्यक्तिहरूको योग्यता र क्षमताको परीक्षण हुन सक्दैन र त्यो अधिकार पनि संसदीय सुनुवाइ समितिलाई छैन । कार्यसम्पादन र निष्ठाको परीक्षण गरिने हो भने त्यो रेकर्ड पनि संसदीय समितिसँग उपलब्ध नहुने भएकोले संसदीय सुनुवाइ केका लागि र किन भन्ने औचित्य नै स्थापित हुनसकेको छैन ।

तसर्थ प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशको हकमा संसदीय सुनुवाइको अहिलेको संवैधानिक प्रावधानको पुनरावलोकन गरी नियुक्तिको सिफारिश गर्ने न्यायपरिषद्बाटै सार्वजनिक सुनुवाइ विधि प्रक्रिया अवलम्बन गरिनु वा अन्य योभन्दा उत्तम कुनै उपाय भए सो समेत विचार गरी स्वतन्त्र न्यायपालिकाको अवधारणामा प्रतिकूल असर नपार्ने उपयुक्त संवैधानिक प्रबन्ध गरिनु उपयुक्त हुन्छ ।

### उच्च अदालतको सम्बन्धमा

संविधानको धारा १३३ र १४४ मा प्रयुक्त भाषा र शब्दावली हेर्दा कानुनको वैधानिकताको परीक्षण गर्ने बाहेक उच्च अदालतलाई असाधारण अधिकार क्षेत्रको प्रयोग गर्ने अधिकार त्यति नै छ जति सर्वोच्च अदालतलाई छ । तर व्यवहारमा अहिले पनि उच्च अदालतहरूले आफ्नो त्यो क्षेत्राधिकारको भरपुर प्रयोग गर्ने सामर्थ्य राखेको देखिँदैन । कतिपय अवस्थामा त उच्च अदालतहरू केवल साविकको पुनरावेदन अदालतका उत्तराधिकारी संस्था जस्तो मात्र प्रतित हुन्छ । यसो हुनुमा न्यायाधीशको नियुक्ति, योग्यता क्षमता र कानुन व्यवसायीको अध्ययन र क्षमता पनि जिम्मेवार होलान् ।

तर मूलभूत रूपमा उच्च अदालतलाई सर्वोच्च अदालत सरहको असाधारण अधिकार क्षेत्र दिएको परिप्रेक्ष्यमा अब संविधानमा पुनरावलोकन गरेर उच्च अदालतलाई स्थानीय तहले बनाएको कानुनको परीक्षण गर्ने अधिकार दिइनु अपरिहार्य भइसकेको छ । यसले सर्वोच्च अदालतको कार्यबोझ घट्नुको साथै न्याय निरुपणमा सहजता, सरलता र छिटो पनि हुन्छ । त्यसैगरी अब उच्च अदालतहरूलाई सर्वोच्च अदालत सरह वा भारत वा अन्य संघीय मुलुकका उच्च अदालत जस्तै अभिलेख अदालतको रूपमा स्थापित गरेर उच्च अदालतले प्रतिपादन गरेका न्यायिक सिद्धान्तहरू त्यस अन्तर्गतका जिल्ला अदालत वा अन्य न्यायिक निकायहरूका लागि बाध्यात्मक हुने व्यवस्था गरिनुपर्दछ ।

### महाअभियोगको कारबाही

सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूलाई संविधानको धारा १०१ (२) बमोजिम महाअभियोग प्रतिनिधि सभाको दुई तिहाइ मतद्वारा लगाउन सकिने प्रावधानको कतिपय अवस्थामा दुरुपयोग र कतिपय अवस्थामा प्रतिनिधि सभाले कार्य क्षमता देखाउन नसकेको देखिन्छ । अर्कोतर्फ प्रतिनिधि सभामा पेश भएको महाअभियोगको प्रस्ताव समेत राजनीतिक खिचातानीको कारणले लामो समयसम्म अनिर्णयको बन्दी हुनु परेकोले विद्यमान संवैधानिक प्रावधानको पुनरावलोकन गरी प्रधानन्यायाधीश र न्यायाधीशको विरुद्धमा दर्ता भएका यस सम्बन्धी प्रावधानहरूको शीघ्र निरुपण गर्नुपर्ने संवैधानिक प्रबन्ध गरिनु आवश्यक भइसकेको छ ।

सारांशमा भन्नुपर्दा अब न्यायपालिकाको संरचनागत परिवर्तन आवश्यक भइसकेको छ । माथि उल्लिखित विषय वा अन्य कुनै पनि विषयहरू संरचनागत सुधारका विषयहरू हुन सक्दछन् । नागरिक हकको संरक्षण गर्ने, संविधानको पालना र व्याख्या गराउने गुरुत्तर दायित्व बोकेको न्यायपालिकालाई सदैव जनआस्थाको धरोहरको रूपमा स्थापित गरिरहनु हामी सबैको कर्तव्य र दायित्व समेत भएकोले अभ्यासको क्रममा देखिएका विकृति र अपूर्णतालाई पूर्णता दिनका लागि र संवैधानिक उद्देश्य हासिल गर्नका लागि न्याय क्षेत्रका सबै सरोकारवालाहरू एकै ठाउँमा बसेर विमर्श गर्नु आवश्यक छ ।

न्यायपालिकाको सुधारको लागि सार्वजनिक बहस गर्ने पहिलो दायित्व बार एशोसिएसनकै भएकोले सर्वोच्च अदालत बार एशोसिएसनको स्वर्ण महोत्सवको यो पावन अवसर देखि नै यो विमर्शको थालनी गरौं । न्यायपालिकालाई सम्पूर्ण नागरिकको आस्था र विश्वासको धरोहरको रूपमा स्थापित गरौं । राजनीतिक क्षेत्रबाट न्यायपालिकामा हुने गरेको दबाब र अनुचित प्रभावलाई रोक्नका लागि न्याय क्षेत्रले कठोर कदम चाल्न आवश्यक भइसकेको छ । स्वतन्त्र न्यायपालिकामाथि भइरहेका वा हुने कुनै पनि हस्तक्षेप न्याय क्षेत्रलाई अस्वीकार्य छ ।

*(साभार: अनलाइनखबर)*

# कहाँ छन् टी-२० विश्वकप खेल्ने नेपाली खेलाडी ?



काठमाडौं/सन् २०१४ को मार्च १६ । यो दिन बंगलादेशको चट्टोग्राममा नेपालले हङकङसँग खेल्दै टी-२० विश्वकपमा डेब्यू गर्दै थियो । ऐतिहासिक दिनमा पूरै देश क्रिकेटमय बनेको थियो । देशमा क्रिकेट माहोल तीव्र गतिमा बढेको थियो । क्रिकेट नबुझ्नेले पनि चाख दिन थालेका थिए ।

नेपालको खेल जहुर अहमद चौधरी स्टेडियमा साँझको समयमा थियो । तर, बिहान उज्यालो भएदेखि नै साँझको प्रतीक्षा थियो । त्यो समयमा स्टार स्पोर्ट्समा नेपालको खेल प्रत्यक्ष प्रशारण हुने भनेपछि शान नै बेग्लै हुन्थ्यो । सहरका चोक चोकमा प्रोजेक्टरबाट ठूलो पर्दामा क्रिकेट देखाउने तय भइसकेको थियो । दशकअघि पहाड र हिमाली भेगमा सामाजिक सञ्जाल त्यति प्रयोगमा थिएन । जसको घरमा टिभी छ त्यसैकोमा गएर हेर्ने योजना गाउँमा थियो ।

तत्कालीन कप्तान पारस खड्का र हङकङका जेमी एट्किन्सन टस गर्न मैदान छिरे । पारसले सिक्का फ्याले । हङकङका कप्तानले टस जितेर नेपाललाई ब्याटिङको निम्तो दिए ।

स्टेडियममा नेपालको राष्ट्रिय गान गुञ्जियो । त्यो हरेक नेपालीको लागि गर्व, खुसी र भावुक क्षण थियो । हरेक नेपाली खेलाडीको सपना नै विश्वकपमा राष्ट्रिय गान र झण्डा फहराउने थियो । हङकङ त्यो समय एसोसिएटको मजबुत टोली मानिन्थ्यो ।

नेपाली ओपनर सागर पुन १३ र सुवास खकुरेल २२ रनमा आउट हुँदा नेपालको स्थिति ५.१ ओभरमा ३६-२ थियो । त्यसपछि नेपालका उत्कृष्ट ब्याटिङ जोडी ज्ञानेन्द्र र पारसले इनिङ सम्हाल्लेका थिए । दुवै ब्याटरले नाम अनुसार प्रदर्शन पनि गरे ।

ज्ञानेन्द्र सुरुवातमा १७ बलमा ८ रनमा थिए । १३औं ओभरको दोस्रो बलमा एजिज खानलाई मिडविकेटमा चौका प्रहार गर्दै ब्याट खोलेका थिए । ज्ञानेन्द्र र पारसले तेस्रो विकेटका लागि ६७ बलमा ८० रनको साझेदारी गरेपछि नेपाल १६.१ ओभरमा ११४-२ को मजबुत अवस्थामा थियो ।

नाजिव अमरको बलमा ठूलो सट खेल्न खोज्दा लङअनमा निजाकत खानबाट पारस ३७ बलमा ४ चौकासहित व्यक्तिगत ४१ रनमा क्याच आउट भए । शरद भेषावकरले १९औं ओभरको अन्तिम दुई बलमा इफरान अहमदलाई दुई चौका हाने । अन्तिम ओभरको पहिलो बलमा ज्ञानेन्द्रले विश्वकपमा नेपालको लागि पहिलो छक्का हाने । लगत्तै अर्को बलमा उनी आउट हुँदा ४८ रन जोडेका थिए ।

चौथो बलमा शरद दुई रन बटुल्ने क्रममा रन आउट, पाँचौं बलमा नरेश बुढाऐर र अन्तिम बलमा शक्ति गौचन आउट भएका थिए । यसरी नेपालले २० ओभरमा ८ विकेट गुमाउँदै १४९ रन बनाएको थियो । त्यो समय यतिको योगफल वर्तमान अवस्थामा २ सय बराबर थियो ।

बंगलादेशको स्पिनर सहयोगी पिचमा नेपालले जित्ने सहज हुने अनुमान थियो । इनिङको पहिलो बलमै पारसले इफरान अहमदलाई आउट गरे । नेपाली क्रिकेटका उदीयमान सोमपाल कामीको गतिको खुब चर्चा थियो । सोमपालले दोस्रो ओभरको अन्तिम बलमा हङकङका कप्तान जेमीलाई ६ रनमा बोल्ड आउट गरे ।

त्यसपछि त नेपालका दुई स्पिनर शक्ति गौचन र वसन्त रेग्मीले हङकङको इनिङ ध्वस्त पारे । न्युजिल्यान्डका स्टार ब्याटर मार्क च्यापम्यान हङकङबाट त्यो विश्वकप खेल्दा वसन्तले १३ रनमा बोल्ड गरिदिएका थिए । उनैले प्रमुख ब्याटर बाबर हायतलाई २० रनमा बोल्ड गरेका थिए ।

विकेट लिएपछि मैदानमा दौडिएर गर्ने शक्तिको सेलेब्रेसन झनै उत्कृष्ट थियो । ४ ओभरमा ९ रन खर्चेर ३ विकेट लिएका शक्ति नै खेलको प्लेयर अफ द म्याच चुनिए ।

हङकङलाई १७ ओभरमै ६९ रनमा अल आउट गर्दै नेपाल ८० रनले विजयी भएको थियो । पहिलो खेलमा शानदार प्रदर्शनपछि विश्व क्रिकेटमा नेपालले नयाँ तरङ्ग ल्याएको थियो । १८ मार्चमा नेपाल बंगलादेशसँग ८ विकेटले पराजित भयो । २० मार्चमा नेपालले अफगानिस्तानलाई ९ रनले हराउँदै झनै सनसनी मच्चाएको थियो ।

दुर्भाग्य नेट रनरेटका कारण नेपाल दोस्रो चरणमा पुग्न सकेन । समान ४ अंक भएपनि बंगलादेशको नेटरनरेट १.४६६ र नेपालको ०.९३३ थियो ।

त्यो नेपालले खेलको पहिलो टी-२० आई खेल पनि थियो । विश्वकप खेलेर आएपछि नेपालमा क्रिकेट माहोल फवात्तै बढ्यो । चोक, गल्ली, खेत बगर जताततै क्रिकेट खेलेको देखिन थाल्यो । पहिला क्रिकेट खेल्दा गाली गर्ने बुबाआमा आफैं छोराछोरी लिएर क्रिकेट एकेडेमी पुग्न थाले । विस्तारै फ्रेन्चाइज क्रिकेटको आकर्षण बढ्न थाल्यो ।

पछिल्लो एक दशकमा नेपाली क्रिकेटले ठूलो फड्को मारेको छ । नेपाल क्रिकेट संघ (क्यान) अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को निलम्बन, डिभिजन टुमा करण केसीको मिराकल ब्याटिङ, २०१८ मा ऐतिहासिक एक दिवसीय अन्तर्राष्ट्रियको मान्यता, २०२३ मा ओडीआई मान्यता निरन्तरता, एसिया कपमा स्थान र पुन: विश्वकपमा छनोट जस्ता घटना यसबीचमा भए ।

सन् २०२४ सम्म आइपुग्दा नेपाल एसोसिएटको नम्बर वान बन्ने दौडमा छ । टेष्ट मान्यता सपना देख्ने स्तरमा पुगेको छ । भारत र पाकिस्तान जस्ता देशसँग खेलिसकेको छ । विश्वका कुनैपनि टोलीसँग खेल्ने स्तरमा पुगेको छ । सबैभन्दा मुख्य कुरा खेलाडीले खेलेरै बाँच्ने आधार बनेको छ । देशमा सबैभन्दा लोकप्रिय खेल क्रिकेट बनेको छ । १० वर्षअघि विश्वकप खेल्दा नेपालले पनि क्रिकेट खेल्छ भन्ने प्रश्न उठ्ने समय थियो, अहिले नेपालको खेलको विश्वले तारिफ गर्ने खालको भइसकेको छ ।

क्रिकेटमा सरकार र निजी क्षेत्रको लगानी बढ्न थालेको छ । तर पहिलो विश्वकप खेलेपनि पुन: खेल्न नेपालले एक दशक नै पर्खनुपऱ्यो । नेपालले आगामी जुनमा अमेरिका र वेस्टइन्डिजमा हुने टी-२० विश्वकपमा पनरागमन गर्नेछ ।

नेपालले विश्वकप खेलेको टिभीमा देखेर क्रिकेटमा लागेका रोहित पौडेल सन् २०२४ को विश्वकपमा नेतृत्व गर्नेछन् । २०१४ विश्वकप नेपाली क्रिकेट विकासको टर्निङ प्वाइन्ट मानिन्छ । त्यसमा पनि हङकङसँगको खेल सधैं स्मरण र यादगार हुनेछ ।

**कहाँ छन् विश्वकपमा खेल्दाका ती नेपाली खेलाडी ?**

ओपनर सुवास खकुरेल सन् २०२२ देखि अष्ट्रेलिया र सागर २०१८ मा चोटपछि अमेरिकामा बस्दै आएका छन् । सागर २०२२ मा घरेलु क्रिकेट खेल्न नेपाल आएका थिए ।

गत साउनमा नेपाली क्रिकेट टोलीबाट सन्यास लिएका ज्ञानेन्द्र मल्ल नेपाल ए टोलीका मुख्य प्रशिक्षक छन् । पारस क्यानको सचिव, विनोद नेपाली टोलीबाट खेल्दैछन् भने शरद भेषावकर घरेलु क्रिकेट खेल्नुका साथै क्रिकेट विश्लेषक र कमेन्टेटरको रुपमा छन् । वसन्त २०१९ पछि नेपाली टोलीमा नरहेपछि अमेरिकामा बस्दै आएका छन् । नरेश बुढाऐर क्यानडाबाट क्रिकेट खेल्ने तयारीमा छन् । शक्ति भैरहवामा स्टार क्रिकेट एकेडेमीमा खेलाडी उत्पादन गर्न व्यस्त छन् ।

सोमपाल कामी वर्तमान टोलीका प्रमुख सदस्य हुन् । जितेन्द्र मुखिया, अविनाश कर्ण र अनिल मण्डल त्रिभुवन आर्मी क्लबमा छन् । प्रदीप ऐरी एपीएफबाट घरेलु क्रिकेट खेल्दैछन् । अमृत भट्टाई अष्ट्रेलिया, पृथु बास्कोटा अमेरिका र राहुल विश्वकर्मा युरोपमा छन् ।

*(स्रोत:अनलाइखबर)*

# 'रंगेली' भारतका सय पर्दामा हिन्दी भाषामा रिलिज हुने



काठमाडौं/दयाहाङ राई र मिरुना मगर स्टारर ग्याङस्टर ड्रामा 'रंगेली'को भारत प्रदर्शन तय भएको छ । यो फिल्मलाई एन मुभिज र जनता सिनेमाले भारत वितरण गर्न लागेका हुन् ।

एन मूभिजले भारतीय फिल्महरु हनुमान, पेज ३, मालामाल विक्ली, कर्पोरेट, ट्राफिक सिग्नल, जन्नत, न्युटन लगायतका फिल्म वितरण गरेको निर्माताद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यी दुई वितरण कम्पनीले ८० मुलुकमा पनि फिल्म वितरण गर्दै आएको जनाइएको छ । कार्यकारी निर्माता जितेन्द्र खतिवडाका अनुसार 'रंगेली' भारतका सय पर्दामा रिलिज हुनेछ ।

भारतको प्रदर्शन मिति केही दिनमा घोषणा गर्ने तयारी छ । हिन्दी डबिङको काम मुम्बईमा भैरहेको छ ।

फिल्म अमेरिकामा रिलिज भैसकेको छ । क्यानडा, जापान, दक्षिण कोरिया, मलेसिया, दुबई, कतार, बहराइन, साउदी अरब र ओमनमा पनि फिल्म प्रदर्शनको तयारी रहेको जनाइएको छ ।

लामो समयदेखि अमेरिकामा फिल्म वितरणको कार्य गर्दै आइरहेका अर्जुन सुवेदीको यो डेब्यु फिल्म समेत हो । पूर्वी सहर रंगेलीमा आफ्नो वर्चस्व कायम गर्न ग्याङस्टर चरित्रहरुले गर्ने संघर्ष यसको कथावस्तु हो ।

दयाहाङ राई र मिरुना मगरको साथमा अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको प्रमुख भूमिका छ । यस गीतमा हर्क साउद, अर्जुन सुवेदी र सबिन एकतारेको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको सङ्गीत छ ।

# 'द्रौपदी'बाट गायक रवि ओडको फिल्म अभिनयमा डेब्यु



काठमाडौं/नेपाल आइडल सिजन २ का विजेता रवि ओडले 'द्रौपदी'बाट फिल्म अभिनयमा डेब्यु गरेका छन् । उनको शीर्ष भूमिका रहेको फिल्मको छायांकन डोल्पामा सुरु भएको छ ।

ऋषिराज आचार्यले निर्देशन गर्ने फिल्ममा आफ्नो महत्वपूर्ण भूमिका रहेको ओडले संचारकर्मीलाई बताए । 'रोल सुन्दा निकै मजाको लाग्यो । निर्देशकले आश्वस्त तुल्याएपछि एक्टिङ गर्न तयार भएको हुँ' ओडले भने ।

निर्देशक आचार्यले आफू अभिनित म्युजिक भिडियो 'मैलानी' हेरेपछि फिल्मको अफर गरेको ओडले सम्झिए ।

फिल्मको संगीत निर्देशन पनि उनले नै गर्नेछन् । ओडले यसअघि केही फिल्ममा पार्श्वसंगीत पनि दिएका छन् । टेलिभिजन रियालिटी शो 'नेपाल आइडल'ले उनको प्रसिद्धी चुलिएको हो ।

अन्तर्राष्ट्रिय बजारलाई मध्यनजर गरेर फिल्म निर्माण हुन लागेको जनाइएको छ । फिल्ममा आश्विनी शाही, कविराज भाम, जेल्सन अधिकारी, सुजाता तिमल्सिना, विष्णु ठडराई लगायतको अभिनय हुनेछ ।

छायाकार मोहनकुमार झिल्लु हुन् । ठडराईसहित प्रकाश ज्ञवाली निर्माता तथा खेमराज भण्डारी र ऋतु आचार्य सह-निर्माता हुन् । सबै छायाङ्कन डोल्पामै गरिने जनाइएको छ । यो फिल्मले हिमाली क्षेत्रको बहुपतिप्रथाको कथा पेश गर्छ ।

# 'अगस्त्य' हेर्दा महिला दर्शकले टिकटमा छूट पाउने



काठमाडौं/सौरभ चौधरी निर्देशित फिल्म 'अगस्त्य'ले प्रदर्शनको तेस्रो सातामा महिला दर्शकलाई टिकटमा छूट दिने घोषणा गरेको छ । निर्माताले शनिबार विज्ञप्ति जारी गर्दै महिलाले समाजमा खेल्ने महत्वपूर्ण भूमिका र योगदानलाई सम्मान गर्दै छूटको व्यवस्था गरिएको जनाएका छन् ।

यो फिल्म पनि महिलाको कथाव्यथामा आधारित छ । नेपालबाट भारतमा बेचिने नेपाली महिलाको कथावस्तुमा फिल्म बनेको छ । निर्माताले पहिलो र दोस्रो सातामा सकारात्मक 'वर्ड अफ माउथ' प्राप्त भएको र तेस्रो सप्ताहन्तमा समेत राम्रो कमाइ गरेको जनाएका छन् ।

निर्देशक चौधरीले भने, 'शक्तिशाली दृश्य भाषामार्फत हामीले मानव बेचबिखनलाई पेश गरेका छौं ।' फिल्ममा सौगात मल्ल, मलिका महत, नाजिर हुसेन र प्रमोद अग्रहरिको शीर्ष भूमिका छ ।

विश्व गौचन र अभिषेक चौधरी कार्यकारी निर्माता तथा प्रकाश मल्ल, अनिश तामाङ र विनोद पौडेल निर्माता हुन् । फिल्मलाई डार्क हर्स इन्टरटेनमेन्ट र सेभेन सिज इन्टरटेनमेन्टले संयुक्तरुपमा निर्माण गरेका हुन् ।

# भारतमा १९ अप्रिलमा सुरु हुनेछ मतदान, कुन राज्यमा कहिले ?

काठमाडौं/भारतको केन्द्रीय निर्वाचन आयोगले १८ औं लोकसभा चुनावको मिति घोषणा गरेको छ । आयोगले शनिबार गरेको घोषणा अनुसार २० मार्चबाट निर्वाचन प्रक्रिया सुरु हुनेछ ।

सात चरणमा सम्पन्न हुने चुनावको पहिलो चरणको मतदान १९ अप्रिलमा सुरु हुनेछ र यो क्रम १ जुनसम्म चल्नेछ । त्यसपछि ४ जुनमा मतगणना हुनेछ । आयोगका अनुसार आम निर्वाचनसँगै तीन चरणमा विधानसभाका २६ सिटमा उपचुनाव पनि हुनेछ ।

निर्वाचनमा ५५ लाख इलेक्ट्रोनिक भोटिङ मेसिन (ईभीएम) प्रयोग गरिने भएको छ । भारतको १७ औं लोकसभाको कार्यकाल आगामी १६ जुन २०२४ मा पूरा हँदैछ ।

**सात चरणमा कहाँ कहिले मतदान**

पहिलो चरणमा २१ वटा राज्यका १०२ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २० मार्चमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने १९ अप्रिलमा मतदान हुनेछ । त्यस दिन अरुणाञ्चल, असम, बिहार, छत्तीसगढ, मध्यप्रदेश, महाराष्ट्र, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड, राजस्थान, सिक्किम, तमिलनाडु, त्रिपुरा, उत्तर प्रदेश, उत्तराखण्ड, पश्चिम बंगाल, अन्डमान निकोबार, जम्मू कश्मीर, लक्ष्यद्वीप र पोन्डीचेरीमा मतदान हुनेछ ।

दोस्रो चरणमा १३ राज्यका ८९ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २८ मार्चमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने २६ अप्रिलमा मतदान हुनेछ । त्यस दिन आसाम, बिहार, छत्तीसगढ, कर्नाटक, केरला, मध्यप्रदेश, महाराष्ट्र, मणिपुर, राजस्थान, त्रिपुरा, उत्तर प्रदेश, पश्चिम बंगाल र जम्मू कश्मीरमा मतदान हुनेछ ।

तेस्रो चरणमा १२ राज्यका ९४ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि १२ अप्रिलमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने ७ मेमा मतदान हुनेछ । त्यस दिन आसाम, बिहार, छत्तीसगठ, गोवा, गुजरात, कर्नाटक, मध्यप्रदेश, महाराष्ट्र, उत्तर प्रदेश, पश्चिम बंगाल, दादर नागर हवेली र दमन दीपमा मतदान हुनेछ ।

चौथो चरणमा १० राज्यका ९६ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि ८ अप्रिलमा राजपत्रमा सूचना जारी हुनेछ भने १३ मेमा मतदान हुनेछ । त्यस दिन आन्द्राप्रदेश, बिहार, झारखण्ड, मध्यप्रदेश, महाराष्ट्र, ओडिशा, तेलंगना, उत्तर प्रदेश, पश्चिम बंगाल र जम्मू कश्मीरमा मतदान हुनेछ ।

पाँचौ चरणमा ८ राज्यका ४९ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २६ अप्रिलमा राजपत्रमा सूचना जारी हुनेछ भने २० मेमा मतदान हुनेछ । त्यस दिन छत्तीसगढ, झारखण्ड, महाराष्ट्र, ओडिसा, उत्तर प्रदेश, पश्चिम बंगाल, जम्मू कश्मीर र लद्दाखमा मतदान हुनेछ ।

छैटौ चरणमा ७ राज्यका ५७ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २९ अप्रिलमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने २५ मेमा मतदान हुनेछ । त्यस दिन बिहार, हरियाणा, झारखण्ड, ओडिसा, उत्तर प्रदेश, पश्चिम बंगाल र दिल्लीमा मतदान हुनेछ ।

र अन्तिममा सातौं चरणमा ८ राज्यका ५७ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि ७ मेमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने १ जुनमा मतदान हुनेछ । जसअन्तर्गत बिहार, हिमाचल प्रदेश, झारखण्ड, ओडिसा, पञ्चाब, उत्तर प्रदेश, पश्चिम बंगाल र चण्डीगढमा मतदान हुनेछ ।

**चार राज्यमा विधानसभा चुनाव**

संसदीय चुनावका साथै चारवटा राज्यमा विधानसभा चुनाव पनि हुनेछ । ओडिसामा चार चरणमा विधानसभा चुनाव हुने आयोगले जनाएको छ । १३ मे, २० मे, ५ मे र १ जुनमा मतदान हुनेछ । अरुणाञ्चल प्रदेश विधानसभाका ६० सिटका लागि २० मार्चमा सूचना प्रकाशित हुने हुने र १९ अप्रिममा मतदान हुने जनाइएको छ । सिक्किम विधानसभाका लागि यही समयमा चुनाव हुनेछ ।

आन् प्रदेश विधानसभाका १७५ वटै सिटका लागि १८ अप्रिलमा सूचना प्रकाशित गरी १३ मेमा मतदान हुनेछ । यसका साथै, अलग-अलग राज्यका २६ वटा विधानसभाका लागि उपचुनाव पनि आम चुनावसँगै हुने भएको भारतको केन्द्रीय निर्वाचन आयोगले जनाएको छ ।

**कति छन् मतदाता ?**

भारतको केन्द्रीय निर्वाचन आयोगका अनुसार कुल ९६ करोड ८० लाख मतदाता सूचीकृत भएका छन् । जसमा ४७ करोड १० लाख महिला र ४९ करोड ७० लाख पुरुष मतदाता छन् । यसमा पनि १ करोड ८९ लाख मतदाता पहिलोपटक मतदानमा भाग लिनेछन् । जसमा १९ करोड ७४ लाख मतदाता २० देखि २९ वर्ष उमेरका छन् । यसमा १ जनवरी २०२४ सम्म १८ वर्ष उमेर नपुग्नेहरूको संख्यासमेत जोडिएको छ । यसमा १३ लाख ४० हजार मतदाता १ अप्रिलसम्म १८ वर्ष उमेर पूरा गर्नेछन् र मतदानमा भाग लिन पाउनेछन् ।

*(स्रोत:अनलाइखबर)*

# प्रतिबन्धपछि धनबहादुरको शानदार पुनरागमन

काठमाडौं/आठ महिना अघि सातौं प्रधानमन्त्री कप एनभिए राष्ट्रिय क्लब लिगमा त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा त्रिभुवन आर्मी क्लब र गण्डकी प्रदेशबीचको खेलमा अप्रत्याशित घटना भयो । दर्शकले आर्मीका खेलाडीलाई अपशब्द प्रयोग र बोतल हानेपछि खेलाडीले त्यसको प्रतिकार गरेका थिए ।

तेस्रो सेटमा आर्मी २४-२३ ले अगाडि रहेका बेला तनाव सिर्जना भएको थियो । त्यसमा पनि चेक आउटको विषयलाई लिएर गण्डकीले असन्तुष्टि जनाएको समयमा उक्त घटना भएको थियो ।

त्यसै क्रममा नेपालका स्टार स्पाइकर धनबहादुर भट्टले दर्शक दीर्घामै पुगेर समर्थकलाई एक मुक्का हाने । कप्तान हरिहजुर थापाले आक्रोशमा दर्शकलाई गाली गरे भने राजेन्द्र विष्ट, शरण सामरी र धनपति कुँवर कोर्ट बाहिर गएर समर्थकलाई पिट्न खोजेका थिए ।

उक्त घटनाको चौतर्फी आलोचनापछि नेपाल भलिबल संघले धनबहादुरलाई ६ महिना प्रतिबन्ध र हरिहजुरलाई हटाउँदै मानबहादुरलाई नेपाली राष्ट्रिय भलिबल टोलीको कप्तान नियुक्त गरेको थियो । राजेन्द्र विष्ट र धनपति कुँवरले ३ महिनाको प्रतिबन्ध सामना गरे ।

धनबहादुरको त्यो स्वभाव पत्याउनै गाह्रो हुन्छ । किनभने उनी निकै शान्त र अनुशासनमा बस्ने खेलाडी हुन् । तर त्यस दिन उनले संयमा गुमाउँदा आर्मीका खेलाडीको अनुशासनमै गम्भीर प्रश्न उठ्यो । ६ महिना प्रतिबन्ध भोगेपछि धनबहादुर कोर्टमा फर्किएका छन् ।

शनिबार आठौं आरबीबी एनभीए राष्ट्रिय महिला तथा पुरुष भलिबल च्याम्पियनसिपमा गण्डकी प्रदेशविरुद्ध खेल्दै पुनरागमन गरे । काठमाडौं बाहिर केही प्रतियोगिता खेलेपनि राष्ट्रिय स्तरको प्रतियोगितामा यो नै उनको पुनरागमन खेल थियो ।

संयोगवश पूनरागमन कोर्ट र विपक्षी टोली एकै थिए । अनि उनको जोश र शक्तिशाली स्पाइकमा पनि कुनै कमी थिएन । गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हराउन धनबहादुरले शानदार प्रदर्शन गरे ।

पहिलो सेट २७-२७ को बराबरी हुँदा धनबहादुरले शक्तिशाली स्पाइकमा लगातार दुई अंक बटुल्दै जितको सुरुवात दिलाएका थिए । आर्मी २९-२७, २५-१९ र २५-१८ ले विजयी हुँदा धनबहादुरको प्रदर्शन महत्वपूर्ण थियो ।

६ महिनाअघिको घटना सम्झिँदै धनबहादुर समर्र्थककै व्यवहारका कारण आफूले संयम गुमाएको बताउँछन् । 'त्यो घटनामा दर्शकको पनि गल्ती छ । खेल्दा प्रेसर हाई नै हुन्छ । हाम्रो कुनै गल्ती नहुँदा पनि दर्शकले मुख छाडेर बोतल हान्दा कन्ट्रोल नै गर्न सकिएन । त्यो बोतल हान्ने मान्छेलाई बाहिर लगेको भए घटना नहुन सक्थ्यो', शनिबारको खेलपछि धनबहादुरले संचारकर्मीसँग भने ।

धनबहादुर त्यतिबेला आफूबाट गल्ती भएको स्वीकार गरेका छन् । 'त्यो घटनामा मेरो पनि गल्ती भएको हो । त्यस्तो नहुनु पर्ने थियो । तर अचानक त्यस्तो भयो, अब हुदैन । ६ महिना ( प्रतिबन्धको अवधि) भनेको मलाई त ६ वर्ष जस्तो भयो । मलाई कति बेला सकिन्छ जस्तो लाग्यो', भावुक हुँदै उनले भने । नेपाली भलिबलमा धन र मानबहादुरको जोडी स्पाइकमा लोकप्रिय मानिन्छ ।

*(स्रोत:अनलाइखबर)*

# जलवायुको जोखिमलाई ख्याल गरेर लगानी गर्न गभर्नरको आग्रह

काठमाडौं/नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले जलवायु परिवर्तनका जोखिमलाई ख्याल गरेर लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गरेका छन् ।

राष्ट्रिय वाणिज्य बैंकद्वारा शनिबार आयोजित कार्यक्रममा बोल्दै उनले बैंक तथा वित्तीय संस्थाहरूलाई जलवायु परिवर्तनबारे सचेत गराएका हुन् । यसका लागि गभर्नर अधिकारीले मेलम्ची खानेपानी आयोजना बाढीले बगाएको उदाहरण पेस गरे ।

उनले जलवायु परिवर्तनको असरलाई ख्याल गरेर लगानी गर्ने कुरामा नेपाल राष्ट्र बैंक र नेपाल सरकार प्रतिबद्ध रहेको पनि उल्लेख गरे । गभर्नर अधिकारीले भने, 'बैंक तथा वित्तीय संस्थाले जलवायु परिवर्तनले ल्याउने जोखिमलाई ध्यानमा राखेर लगानी गरे मुलुकको आर्थिक विकास सबल ढंगले अघि बढाउन सकिन्छ ।'

गभर्नर अधिकारीले 'ग्रिन फाइनान्स ट्याक्स इकोनमी' बारे अध्ययन भइरहेको पनि बताए । उनले जोखिमको क्षेत्रमा लगानी नगर्न बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रहसमेत गरेका छन् ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# प्रदर्शनीको दोश्रो दिन महिला उद्यमीका सफलताको कथा प्रस्तुति

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/ बागमती प्रदेश स्तरीय पहिलो महिला उद्यमी प्रदर्शनी २०८० को दोश्रो दिन सफल महिला उद्यमी स्वम्को मुखराविन्दबाट प्रत्येक्ष सफलताको कथा प्रस्तुति गरिएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघअन्तर्गत रहेको महिला उद्यमी विकास समितिका सभापति अंकिता सुमार्गीको सभाध्यक्षतामा सफलताको कथा प्रस्तुति भएको हो । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, केन्द्रीय सदस्य तथा संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश सदस्य तथा संघका पूर्वअध्यक्ष उत्तमशर्मा ढकाल, संघका पदाधिकारी तथा सदस्यहरु, महिला उद्यमी विकास समितिका पदाधिकारी तथा सदस्य, महिला उद्यमीलगायतको उपस्थिति रहेको थियो ।

सफलताको कथा प्रस्तुतिको क्रममा माउण्टेन बि कर्न्सन प्रा.लि., काठमाडौंका संचालिका सरिता भट्टराई श्रेष्ठले आफ्नो संघर्ष र अहिले प्राप्त सफलताको बारेमा विस्तृतमा सुनाउदै महिलाउद्यमी सफल हुन परिश्रम गर्नुपर्ने भनाई राखिन् । सधैं पुरुषमाथि मात्र भर पर्न नहुने, श्रमले सम्मान दिने र सफल हुन सघाउने बताइन् । उनले मह उत्पादन गरी उद्यमशील हुने चाहनाले मह उत्पादनको तालिम लिई घार बनाउने, मह बोक्नेदेखि सबै प्रारम्भिक काम आफैंले गरेको र हाल उत्पादित मह सातवटा भन्दा बढी देशमा निर्यात हुने गरेको बताइन् ।

करिव सात करोड रुपैयाँ भन्दा बढी वार्षिक कारोबार हुने गरेको उनको भनाई थियो । आफ्नो व्यवसायमा ५० जनालाई प्रत्यक्ष रोजगारी दिएको उनको भनाई छ । सरिताले कानून बिषयको अध्ययन गरेकी थिइन् । पेशाले कानुन ब्यवसायी हुनपर्ने तर, अध्ययन गरेको शिक्षाको उपयोग नगरी महको स्वादले सरितालाई आकर्षित गरेको थियो । चाहना भए बहाना बनाउनु पर्दैन भन्ने उक्ति सरिताको ब्यवहारले चरितार्थ गरेको छ ।




चितवनकी महिलाउद्यमी अम्बिका धितालले मान्द्रो नेपाल नामबाट फर्म दर्ता गरी मस्यौरा, गुन्द्रुक, तितौरा, अचारहरु, सुकाएको निउरो, च्याउ, मुलाको चाना जस्ता लोपोन्मुख प्रकारको बस्तुहरु उत्पादन गरिरहेको बताइन् । कठिनाई सहेर पनि उद्यममा निरन्तर लागिरहेमा सफलता प्राप्त हुने उनको भनाई थियो । अम्बिकाको उत्पादन पनि नेपाली बजारमा मात्र नभएर विदेशमा समेत पुगेको छ ।

अर्का सफल महिलाउद्यमी सिन्धुलीका बिमला थापाले महिलाले निधारमा लगाउने टीका बनाउने तालिम लिई आफूले निक्कै सानो तहबाट उद्यम सुरु गरेको र अहिले सौगात सातु उद्योग र सौगातगृह नामक फर्मबाट रैथाने फापरको पिठो, कोदोको पिठो, मकैको च्याँख्ला, सातुका परिकार, दालका परिकार, गहुँ, जौका च्याँख्ला, बेसार, गुन्द्रुक, आलुचिप्स, गेडागुडीलगायत विभिन्न परिकार उत्पादन गरी झापा, मोरङ, इलाम, सुनसरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, मकवानपुर, रामेछाप, रुपन्देही, काठमाडौं, ललितपुर, भक्तपुर, चितवनलगायतका जिल्लामा बिक्री गरिरहेको बताइन् । उनले आफ्नो उद्यममा हाल सातजनालाई प्रत्येक्ष रोजगारी दिइरहेको बताइन् । सुरुमा घरपरिवारबाट असहयोग भएपनि अहिले आफूलाई घरपरिवारबाट पनि निक्कै सहयोग हुने गरेको उनको भनाई छ ।पहिलो प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी २०८० को दोश्रो दिन शनिबार सफलताको कथा प्रस्तुतिपश्चात स्थानीय कलाकारबाट गायन तथा नृत्य प्रस्तुत गरिएको थियो ।

महोत्सवमा महिला उद्यमीका उत्पादन, मह, अचार, कृषिऔजार, फूलविरुवा, कपडा, खानाको स्टलतर्फ यमरीलगायत प्रदर्शनी तथा बिक्री भइरहेका छन् । मउवासंघको महिला उद्यमी विकास समितिले बिगतमा यस्तै प्रदर्शनी तथा मेला आयोजना गर्दै आएको छ । पछिल्लो एक दसक करिब निष्क्रीय देखिएको समितिले यो पटक पहिलो पटक प्रदेशस्तरीय मेला/महोत्सव आयोजना गरेको हो । यसअघि सातौं पटक मेला/महोत्सव भइसकेको थियो ।

# हेटौंडामा गजल उत्सव

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/ हेटौंडामा गजल उत्सव सम्पन्न भएको छ । गजल मञ्च मकवानपुरको आयोजनामा शनिबार भएको गजल उत्सवमा नेपाली गजलयात्रा र गन्तव्यका विषयमा लामो बहस भएको थियो ।

गजलकार घनेन्द्र ओझा, बाबु त्रिपाठी, शीतल कादाम्बिनीका बीचमा भएको गजल बहसमा सर्जक सन्जाल मकवानपुरका संयोजक एवम् लेखक निमेष निखिलले अविभावकत्व निभाएका थिए । बहसका क्रममा त्रिपाठी र कादाम्बिनी गजल लेख्न चाहनेलाइ स्वच्छन्द रुपमा लेख्न दिनुपर्छ भन्ने पक्षमा देखिए भने ओझा गजल लेखनमा मानक निर्धारण हुनुपर्छ भन्ने पक्षमा खुले । बहसको अविभावकत्व निभाएका लेखक निखिलले गजल लेख्दै जाँदा समयले मानक निर्धारण गर्ने भन्दै साहित्य सिर्जना महत्वपूर्ण पाटो रहेको बताए ।

गजलवाचन, गायन र बहसमा दीपक गौतमले सहजीकरण गरेका थिए । कार्यक्रममा गजलकार ओझा, त्रिपाठी, कादाम्बिनी, रुपक बनबासी, पुरुषोत्तम आचार्य, श्यामकुमार बानियाँ, सानु खनाल, यश लामा, भवानी तिमल्सेना, अजर फुयाँल, सुवास सजल, धर्मराज स्याङतानले गजलवाचन तथा गायन गरेका थिए । गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका-४ का अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

# स्वास्थ्य स्वयंसेविकालाई आयुर्वेदसम्बन्धी सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/महिला स्वास्थ्यस्वयंसेविकालाई आयुर्वेदसम्बन्धी सचेतना कार्यक्रम भएको छ । जिल्ला आयुर्वेद स्वास्थ्यकेन्द्र मकवानपुरको आयोजनामा सचेतना कार्यक्रम भएको हो ।

कार्यक्रममा नगरक्षेत्रका ९० जना स्वास्थ्यस्वयमसेविकाको सहभागिता थियो । कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्यकेन्द्र मकवानपुरका प्रमुख डा.ललिता पाण्डे र डा ज्योति कुमारी साहले आयुर्वेद स्वास्थ्यकेन्द्रमार्फत् प्रदान गरिने सेवा, अष्टाङ्ग आयुर्वेद, आयुर्वेद र योगशिक्षा, जडिबुटी एवम् खानपान, ऋतुचर्चाको बिषयमा प्रशिक्षण दिएका थिए ।

स्वास्थ्य निर्देशनालयका निर्देशक दीपकप्रसाद तिवारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्वास्थ्य मन्त्रालयका उपसचिव हरि कृष्ण फुँयाललगायतको सहभागिता रहेको कार्यक्रम संयोजक विनोदकुमार साहले जानकारी दिए ।

# प्राध्यापक संघ मकवानपुर क्याम्पसमा घिमिरे

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईको अध्यक्षमा घनश्याम घिमिरे सर्वसम्मत चयन भएका छन् ।

संघको शनिबार सम्पन्न पाँचौं अधिवेशनबाट घिमिरे संयोजकत्वमा नयाँ कार्यसमिति गठन गरिएको हो । यस्तै, संघका उपाध्यक्षमा कृष्ण पौडेल, सचिवमा रविन कोइराला, सह-सचिवमा जयराम गौतम, कोषाध्यक्षमा लिना श्रेष्ठ चयन भएका छन् ।

यसैगरी, सदस्यहरुमा क्रमश: राजकुमार गौतम, दिनेश विडारी, प्रकाश पहाडी, संरक्षिका थापा, सुशील न्यौपाने र सुमन श्रेष्ठ रहेका छन् ।

भैरब आधारभूत विद्यालयको २५ औं भेला

# शिक्षा सुधार्न अभिभावकको भूमिका महत्वपूर्ण

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ भैरबडाँडास्थित भैरब आधारभूत विद्यालयको २५ औं अभिभावक भेला शनिबार सम्पन्न भएको छ ।

भेलाले विद्यालय व्यवस्थापन समितिमा अभिभावकको तर्फबाट श्याम सुनार, कृष्ण सुनार, कृष्णमाया विश्वकर्मा र पूजा रुम्बालाई सर्वसम्मतरुपमा चयन गरेको छ । यस्तै विद्यालयको शिक्षक अभिभावक संघमा संयोजक शर्मिला सुनारसहित सदस्यहरुमा अभिभावकमध्ये सुकुमाया गोले, आइतीमाया स्याङ्तान, आत्माराम पुडासैनी, माधव देवकोटा, अनिता मोक्तान, लक्ष्मी रुम्बा, गंगा तिवारी र अम्बिका श्रेष्ठ पाण्डे र शिक्षकतर्फबाट सुमित्र देवकोटा र सुकदेव काफ्लेलाई सर्वसम्मत चयन गरेको विद्यालयका प्रधानाध्यापक हुद्ध दर्लामीले जानकारी दिनुभयो ।

विव्यस अध्यक्ष श्याम सुनारको अध्यक्षतामा भएको भेला उद्घाटन गर्दै वडा अध्यक्ष सविन न्यौपानेले सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्न स्थानीय अभिभावकहरुको भूमिका महत्वपूर्ण रहने बताए ।




'घर छेउको सामुदायिक विद्यालयमा नि:शुल्क नपढाएर आफ्ना सन्तानलाई टाढाको निजी विद्यालय रोज्ने प्रबृत्ति बढेको छ', वडा अध्यक्ष न्यौपानेले यसबाट सीमित आर्थिक अवस्था भएका अभिभावकहरुले चर्को आर्थिक भार थेग्न बाध्य हुनुपरेको बताए ।

'आफ्ना सन्तानलाई भैरब आविमै अध्यापन गराउनूहोस्', अध्यक्ष न्यौपानेले शिक्षकहरुलाई विद्यालयको शैक्षिक अवस्था खस्किन नदिन आग्रह गर्दै भौतिक पूर्वाधार लगायत अन्य आवश्यकता परिपूर्ति गर्न जनप्रतिनिधिहरु तयार रहेको बताए ।

कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाईली, वडा सदस्यद्वय रामकृष्ण अधिकारी र मनु दाहाल, विव्यस पूर्वअध्यक्ष केशव देवकोटा, टोल विकास समितिका सम्राट सिलवाल, समाजसेवी शंकर सिलवाल, कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक बैकुण्ठ पराजुली लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

भेलाले प्रधानाध्यापक दर्लामीद्वारा प्रस्तुत विद्यालयको पूर्व र वर्तमान अवस्था, आव २०७९/८० तथा आव २०८०/०८१ को फागुनसम्मको आयव्यय र भावि नीति तथा कार्यक्रमहरु समेटिएको प्रतिवेदन सर्वसम्मतिले पारित गरेको थियो ।

# रक्षादेवी टोललाई चौघडा सहकारीको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडा उपमहानगरपालिका-६ चौघडास्थित चौघडा बचत तथा ऋण सहकारी संस्थाले स्थानीय रक्षादेवी टोल विकास संस्थालाई फूल राख्ने गमला सहयोग गरेको छ ।

सहकारीले शनिवार एक कार्यक्रमबीच नवजीवनज्योति क्लबमार्फत रक्षादेवी टोलका ९० घरधुरीलाई गमला सहयोग गरेको हो । हेटौंडा-६ का वडासदस्य मुना विकको प्रमुख आतिथ्यता एवम् सहकारीका उपाध्यक्ष त्रिविक्रम मानन्धरको अध्यक्षतामा गमला वितरण गरिएको हो ।




कार्यक्रममा मकवानपुर गढी-७ का वडाअध्यक्ष सूर्यबहादुर रुम्बा, हेटौंडा-६ का निवर्तमान वडाअध्यक्ष अर्जुन चौलागाई, नवजीवनज्योति क्लबका निवर्तमान अध्यक्ष श्रीराम पुडासैनी, रक्षादेवी टोल विकास संस्थाका कार्यबाहक अध्यक्ष केशवप्रसाद कोईराला, सहकारीका शिक्षा उपसमिति संयोजक रामचन्द्र अधिकारीलगायतको उपस्थिति रहेको थियो । रक्षादेवी टोल विकास संस्थालाई नमूना टोल बनाउने योजना अनुसार सहकारीले गमला वितरण गरेको जनाएको छ ।

# अधिकार प्रवर्द्धनमा सञ्चार क्षेत्रको भूमिकाबारे अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/नेपालमा दलित महिला तथा किशोरीको मानवअधिकार प्रवर्द्धनमा सञ्चार क्षेत्रको भूमिका विषयक अन्तरक्रिया भएको छ ।

दलित महिला संघ (फेडो)को आयोजनामा सञ्चारकर्मी र दलित अधिकारकर्मीबीच अन्तरक्रिया भएको हो । कार्यक्रममा दलित समुदायले भोग्नुपरेको विभेद र यसको अन्त्यका उपायबारे छलफल गरिएको थियो । दलित महिला संघ मक्वानपुरकी अध्यक्ष पवित्रा विश्वकर्माले सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा दलित महिलाले थप अवसर पाउनुपर्नेमा जोड दिइन् ।

उनले प्रहरीसमक्ष पनि दलित विभेदका गुनासा दर्ता गराउनुपर्ने माग राखिन् । प्रहरी निरीक्षक दाताराम अधिकारीले दलित समुदायलाई शिक्षित हुन प्रेरित गर्नुपर्ने बताए । शिक्षित भएमा किशोर/किशोरी अधिकारका लागि लड्न सक्षम हुने उनको धारणा छ । कार्यक्रममा दलित महिला उद्यमशीलता प्रवर्द्धन कोषबाट ५ वटा दलित महिला समूहलाई २ लाख १० हजार रुपैयाँ हस्तान्तरण गरिएको छ ।

हेटौंडा उपमहानगरका विभिन्न वडाका महिला समूहलाई ४२ हजार रुपैयाँका दरले रकम प्रदान गरिएको हो । रकमबाट समूहका महिलाले पसल व्यवसाय, बंगुर फार्म, बाख्रापालनलगायत आयमूलक काम गर्ने बताइएको छ । दलित महिला संघले यसरी रकम हस्तान्तरण गरेको यो पहिलो हो । दलित महिला संघ मकवानपुरकी अध्यक्ष विश्वकर्माको सभाध्यक्ष भएको कार्यक्रममा उपाध्यक्ष सुनिता दर्नाल, प्रहरी निरीक्षक अधिकारी, पत्रकार महासंघका अध्यक्ष मणिराज गौतम लगायतले आफ्नो भनाइ राखेका थिए ।

फेडो मकवानपुरले हेटौंडा उपमहानगर-३ मा रहेको सफल दलित महिला समूह, हेटौंडा-६ मा रहेको उद्यमी दलित महिला समूह, हेटौंडा-९ को अनुग्रह दलित महिला समूह, हेटौंडा-११ को स्मारक दलित महिला समूह र हेटौंडा-१५ को चित्रेपानी दलित महिला समूहलाई ४२ हजार रुपैयाँका दरले उद्यम विकासका लागि बीउपूँजी वितरण गरेको हो ।

# थानाभ्याङमा दुईसय बढीको स्वास्थ्य जाँच

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/ हेटौंडा उपमहानगरपालिका-११ थानाभ्याङमा २ सयजना भन्दा बढीको नि:शुल्क स्वास्थ्य जाँच गरिएको छ ।

सामुदायिक सेवाकेन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११ थानाभ्याङको आयोजनामा भएको एकदिने नि:शुल्क स्वास्थ्य शिविरमा उनीहरुको स्वास्थ्य जाँच गरिएको हो । शनिबार भएको स्वास्थ्य शिविरमा हेटौंडा-१ भिन्तुनापथस्थित मकवानपुर सहकारी अस्पतालको सहकार्य तथा नवलपुर सहरी स्वास्थ्यकेन्द्र हेटौंडा-११ को समन्वय रहेको थियो ।

शिविरमा नवजातशिशु तथा बालरोग विशेषज्ञ वरिष्ठ डाक्टर हरिबहादुर खड्का, स्त्री, प्रसुति तथा परिवार नियोजन विशेषज्ञ डाक्टर राघवेन्द्र ठाकुर लगायतले सेवा दिएका थिए । शिविर औपचारिक कार्यक्रम सहित सुरु भएको थियो । कार्यक्रममा हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, सामुदायिक सेवाकेन्द्र तथा सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११ का अध्यक्ष देवकुमार श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट



Ready To Eat
हाम्रा विशेषताहरू:
☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना